स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री आँचल शर्माको मुख्य भूमिका रहने फिल्म हो 'राजमहल' । गत पुसमा पाँचतारे होटल याक एण्ड यतिमा एकभब्य कार्यक्रम सहित फिल्मको शुभसाइत भएको थियो । शुभ–साइतमा फिल्म घोषणा गर्दै निर्माण युनिटले माघबाट छायांकन बताएको थियो । तर फागुनको दोस्रो साता बितिसक्दा पनि फिल्मको छायांकन सुरु हुन सकेको छैन । फिल्मको छायांकन अनिश्चित बनेको फिल्मका कलाकार नै बताउँछन् । फिल्मका कार्यकारी निर्माता ऋषि लामिछाने हुन् ।

आजको विचार...



नेपालको... (दुई पेजमा)

शंकरप्रसाद रिजाल

पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको डेब्यु अभिनय रहेको फिल्म 'खजुरे ब्रो'को प्रदर्शन मिति घोषणा भएको छ । निर्माताले पोस्टर सार्वजनिक गर्दै बैशाख २८ गतेलाई प्रदर्शन तय गरेका हुन् । 'हल्कारा' फेम्ड महेश त्रिपाठी, रियर राईको समेत प्रमुख भूमिका रहेको यो कमेडी–एक्सन फिल्ममा धरानका मेयर हर्क साम्पाङको केमियो अभिनय छ । पोस्टरले पात्रहरुको मुड दर्शाउँछ । खजुरे ब्रोको भूमिकामा रियरले अभिनय गरेका छन् । धरानका एक चर्चित पात्रको जीवनमा आधारित रहेर यो फिल्म बनाइएको बताइएको छ ।



❒ वर्ष २९ ❒ अंक २०९ ❒ २०८० फागुन १४ गते सोमबार 26 February 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### मगर दिवसमा रामपुरमा सार्वजनिक विदा

**पाल्पा,** फागुन १३/जिल्लाको रामपुर नगरपालिकाले मगर दिवसका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । नगरपालिकाले ४२ औं राष्ट्रिय मगर एकता दिवसको अवसरमा फागुन १५ गते सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

नगरपालिकाले एक सूचना जारी गर्दै शुक्रबार बसेको १४ औं कार्यपालिकाको बैठकले एक दिन विदा दिने निर्णय गरेको उल्लेख गरेको छ । 'मगर समुदायको बाहुल्यता रहेको रामपुर नगरपालिकामा दिवसका दिन विदा दिने निर्णय गरिएको छ' नगर प्रमुख रमणबहादुर थापाद्वारा जारी सूचनामा भनिएको छ । दिवसका दिन नगरपालिका अन्तर्गतका कार्यालय, वडा कार्यालय, सार्वजनिक निकाय, संघसंस्था, शिक्षण संस्था बन्द रहने जनाइएको छ । मगर समुदायको सम्मानका लागि बिदा दिने निर्णय गरिएको नगर प्रमुख थापाले बताए । विगतका वर्षहरुदेखि नै नगरपालिकाले मगर दिवसमा सार्वजनिक विदा दिइँदै आएको छ । राष्ट्रिय मगर दिवसको अवसरमा रामपुर नगरपालिकाका विभिन्न स्थानमा मगरी संस्कृतिमा आधारित झाँकी प्रदर्शन सहितका कार्यक्रमहरु हुँदै आएका छन् । रामपुरको बेभाँडमा एकिकृत मगर उत्थान समाज र नेपाल मगर संघले संयुक्त रुपमा कार्यक्रम गर्दै आएको छ । यसवर्ष पनि विभिन्न सांस्कृतिक कार्यक्रम हुने जनाइएको छ ।

# मिटरब्याज पीडितलाई वार्तामा आउन गृहको पत्र

**२५ दिनको पैदलयात्रापछि काठमाडौंमा संघर्षरत मिटरब्याज पीडितहरु शुक्रबारदेखि न्यायको माग गर्दै विरोध प्रदर्शन गरिरहेका छन् । उनीहरूले सुदूरपूर्वको काँकडभिट्टा र सुदुरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकैदिन 'न्यायका लागि मार्च' सुरु गरेका थिए ।**


हाम्रा संवाददाता

**पाल्पा,** फागुन १३/गृह मन्त्रालयले आन्दोलनरत मिटरब्याज पीडितलाई छलफलका लागि पत्र पठाएको छ । गृह मन्त्रालयका सहसचिव रुद्रप्रसाद पण्डितको संयोजकत्वमा वार्ता टोली गठन गरेर मन्त्रालयले मिटरब्याज पीडितलाई छलफलका लागि बोलाएको हो ।

मन्त्रालयले मिटरब्याज तथा ठगी विरुद्ध किसान मजदुर संघर्ष समितिलाई आइतबार पत्राचार गरी छलफलका लागि आउन आग्रह गरेको छ । उसले मिटरब्याज पीडितहरुले गरिरहेको पैदलयात्रा, प्रदर्शन लगायतका आन्दोलनका कार्यक्रमबारे जानकारी रहेको र ध्यानाकर्षण भएको भन्दै वार्ताका लागि मन्त्रालयमा आउन भनेको हो । मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाका शाखा अधिकृत मौसम ढुंगेलले हस्ताक्षर गरेको पत्रमा मिटरब्याज पीडितको आन्दोलनप्रति मन्त्रालयको ध्यानाकर्षण भएको बताइएको छ । 'मिटरब्याज सम्बन्धी समस्या समाधानको लागि यस







नेपाल सरकार

गृह मन्त्रालय

मन्त्रालयमा विभिन्न मितिमा छलफल भएकै छन् । मिटरब्याजसँग सम्बन्धित समस्या समाधानका लागि कानुन संशोधन, अधिकार सम्पन्न आयोग गठन, आयोगको कार्यकाल समाप्त भई विघटन भएपश्चात उजुरी फछ्यौट सम्बन्धी कार्यविधि तर्जुमा गरी दुवै पक्षको बीचमा छलफल तथा मेलमिलाप समेत गराउने र सहमति नभएका विषयमा कानून बमोजिम मुद्दा दर्ता गर्ने लगायतका जिम्मेवारी नेपाल प्रहरीलाई प्रदान गर्ने र प्रमुख जिल्ला अधिकारीले सो को अनुगमन गर्ने व्यवस्था मिलाइएको छ,' मन्त्रालयले संघर्ष समितिलाई पत्राचार गर्दै भनेको छ । बढीमा ५ सदस्यीय वार्ता टोली गठन गरी छलफलका लागि उपस्थित हुन मन्त्रालयले समितिलाई आग्रह गरेको छ ।

२५ दिनको पैदलयात्रापछि काठमाडौंमा संघर्षरत मिटरब्याज पीडितहरु शुक्रबारदेखि न्यायको माग गर्दै विरोध प्रदर्शन गरिरहेका छन् । उनीहरूले सुदूरपूर्वको काँकडभिट्टा र सुदुरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकैदिन 'न्यायका लागि मार्च' सुरु गरेका थिए । गत चैतमा ११ दिन पैदल हिँडेर राजधानी पुगेका मिटरब्याज पीडितलाई सरकारले न्याय दिलाउने लिखितम नै गराएर फर्कायो, तर एक वर्षसम्म न्याय नपाएपछि पीडितहरू फेरि सिंहदरबार गुहार्दै हिँडेर काठमाडौं पुगेका हुन् । सरकारले गतवर्ष गरेको सम्झौता कार्यान्वयन नभएको र मिटरब्याज पीडितलाई न्याय दिन बनेको समितिको प्रतिवेदन बेवास्ता गरेपछि पीडितले पुन: आन्दोलन शुरू गरेका हुन् ।

मिटरब्याज पीडितले न्यायका लागि पटक–पटक आन्दोलन गरे । सरकारसँग सम्झौता भयो । आयोग पनि बन्यो । तर, पीडितले अहिलेसम्म पनि न्याय पाउन सकेका छैनन् ।

## वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसा बाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

***वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

"पाल्पामा कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार, छ सम्भावना अपार"

**सबैको उत्सव, तानसेन महोत्सव**

**तानसेनको टुँडिखेल जाऔं, तानसेन महोत्सव २०८० मा सहभागी बनौं**

फागुन १९ देखि २९ गतेसम्म टुँडिखेल मैदान, तानसेन, पाल्पा



अब ५ दिन बाँकी

मुख्य आयोजक

**तानसेन नगरपालिका**

तानसेन, पाल्पा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लागुपदार्थ नियन्त्रणमा ध्यान देऊ

**मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ लागुपदार्थ वा औषध हो । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भनिन्छ । यस्ता पदार्थले मानिसको केन्द्रिय स्नायू प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाईमा परिवर्तन ल्याउँदछ । कानुनद्वारा निषेधित गाँजा अफिम हिरोइन मर्फिन कोकिन आदि अवैध लागु औषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानुनद्वारा नियन्त्रित लागुपदार्थ हो । नेपालको सन्दर्भमा लागू पदार्थको दुरुपयोग प्राचीनकालदेखि नै हुँदै आएको छ । तर, यसबाट उत्पन्न हुने असर वा विकृतिहरू वर्तमान समयमा ज्यादै देखिएका छन् । लागुपदार्थको दुरुपयोगले प्रयोग गर्ने व्यक्तिको जीवन बर्बाद मात्र गर्दैन परिवार, समाज र देशकै अर्थतन्त्र र संस्कृतिलाई समेत नष्ट पार्दछ । समाजमा हत्याहिंसा, चोरीडकैती, वेश्यावृत्तिजस्ता विकृतिबाट मानिस आक्रान्त बन्न पुग्दछन् । नेपालमा खास गरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागुपदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीका चिन्तन आदिले नेपालमा लागुपदार्थको दुरुपयोग बढ्दो छ । जुन चिन्ताको विषय हो ।**

**धूमपान, मद्यपान र अन्य लागूपदार्थको प्रयोगमा कमी ल्याउन सरकारले जति काम गर्नुपर्ने हो त्यो गरेको पाइँदैन । सरकारी निकायले यसलाई झारा टार्ने काम गरेको पाइन्छ भने युवायुवतीले यसको प्रयोगलाई फेसन बनाएका छन् । समाज जति खुल्ला हुँदै गयो त्यति नै लागूपदार्थको प्रयोग बढ्दो अवस्थामा रहेको देखिन्छ । समाज विकाससँगै बढ्दै गएको आन्तरिक कलहका कारण पनि यसका प्रयोगकर्ताहरु हरेक दिन बढ्दै गएको देखिन्छ । साथीभाइको संगतसँगै यस्ता कुलतमा फस्ने युवायुवतीको संख्या डरलाग्दो अवस्थामा पुगेको छ । यसको नियन्त्रणका लागि राज्यले जुन किसिमले जनचेतनाका साथै कारवाहीको दायरालाई फराकिलो बनाउनुपर्ने हो त्यो गरेको देखिँदैन । लागुपदार्थको प्रयोगलाई नियन्त्रण गर्ने कानुन राज्यसँग भए पनि त्यसलाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउन नसक्दा दुखद् हो । यसको नियन्त्रणमा सरकारी तवरबाटै प्रभावकारी कदम चाल्न आवश्यक छ । यसतर्फ चासो देखाइएन भने भोलिका दिनमा अझ ठूलो समस्या निम्त्याउन सक्ने देखिन्छ । तसर्थ लागूपदार्थ नियन्त्रणमा सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

सफलताको खुड्किलो चढ्न उसलाई सजिलो हुन्छ,
जसले असफलताको अनुभव बोकेको हुन्छ ।
(**टिआर न्यौपानेको फेसबुक स्टाटस** *https://www.facebook.com/TR.neupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको प्रजातान्त्रिक आन्दोलन: कहिलेदेखि कहिलेसम्म ?



शंकरप्रसाद रिजाल

*देशमा स्थीर सरकार कायम राख्न राजा वीरेन्द्रले हरसम्भब प्रयास गरेकै थिए । तर आफ्नै देशका अपरिपक्व नेताहरुको अदूरदर्शिताको परिणाम स्वरूप राजादेखि पर पर सरी बिदेशीको इशारामा गणतन्त्र कायम गरी हिन्दु राष्ट्रको अस्मितासमेत मास्ने काम यिनै नेताहरुले गरे । जुन आन्दोलनले फेरि नेपालमा सयौं बर्षसम्म पनि नटुंगिने आन्दोलनको बिजारोपण हुन पुग्यो । आफू सबैधानिक राजा बनेर राजतन्त्रात्मक हिन्दु राज्य बनी देश र जनताको दीगो बिकास गर्ने राजा वीरेन्द्रको भित्री इच्छा र चाहना थियो । तर यो बिचार सन्त नेता प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई बाहेक नेपालका प्रजातन्त्रबादी नेता र कमरेडहरुलाई पटक्क चित्त बुझेन । भित्रभित्र राजसंस्था नै सखाप पार्न सबै लागे । कोही भारतको इशारामा देशमा आन्दोलन छेडन लागे भने कोही अमेरिकाको बुई चढेर पश्चिमाकरण गर्न लागे । कोही क्रिस्चियन धर्म फैलाउन भित्र भित्रै आन्दोलित भई करोडौं रुपैयाँ कुम्ल्याउन तिर लागे भने कोही उत्तरको व्यवस्थाको ओकालत गर्न तिर लागे । तर सच्चा राष्ट्रभक्त भई कोही पनि आन्दोलित हुन सकेनन् ।*

नेपालको प्रजातान्त्रिक आन्दोलन बिशेष गरेर २००७ सालमा राणा शासन अन्त्यको लागि नै भएको हामी पाउँछौं । १०४ वर्षको राणा परिवारको जर्जर शासनलाई अन्त्य गर्न नेपालका त्यस बेलाका होनहार प्रजातन्त्रबादी राजा श्री ५ त्रिभुबनको सवल नेतृत्वमा अन्य होनहार नेताहरु बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी र सुवर्ण शमसेर जस्ता जल्दा बल्दा नेताहरुले राणाको शासन अन्त्य गर्न गरेको प्रजातान्त्रिक आन्दोलन र प्रजातन्त्रकै आन्दोलनमा राणा सरकारको हुकुमले ज्यान गुमाउन पुगेका ४ शहीदलहरु, गंगालाल, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दको नाम र योगदान नेपालको प्रजातान्त्रिक आन्दोलनमा अतुलनीय र यो नेपालको इतिहासमा कहिलयै पनि नबिर्सिने घटनाको रुपमा लिन सकिन्छ । यो आन्दोलनले राणाको सम्पूर्ण शासनको अधिकार साधारण नेपालीको हातमा आउन सफल भयो र राजा र जनता मिलेर राज्य शासनको व्यवस्थाको थालनी भयो । जस अनुसार नेपालको प्रथम जनताका प्रधानमन्त्री मातृकाप्रसाद कोइराला भए र राजा त्रिभुबन नै भए । यो प्रथम आन्दोलनको प्रथम उपलब्धी थियो ।

तत्पश्चात त्रिभुवनको स्वर्गीय पश्चात महेन्द्र राजा भएपछि उनले सोही अनुसार व्यवस्थालाई अनुसरण गर्दै गए । तर देशमा सुधारको सट्टा झन् झन् अन्योलको बातावरण पैदा भइ सबैजसो नेताहरु भारतमुखी हुन गएका र देशमा भ्रष्टाचारको बिजारोपण हुन थालेको घोषणागरी देशलाई बिदेशीको हातबाट छुटकारा दिलाउन २०१७ सालमा सम्पूर्ण अधिकार आफूमा निहीत राखी निर्विकल्प पञ्चायती व्यवस्थाको थालनी गरी २०२७ साल सम्ममा देशलाई माथिल्लो दर्जामा उकास्न सफल भए । यो पनि राजा स्वयमले गरेको राष्ट्रहितप्रतिको एक आन्दोलनको प्रतिक मान्न सकिन्छ । आफ्नो कार्यकालमा राजा महेन्द्र देशको लागि बाग झैं बनेर निडर भइ बसे र इमान्दारीपूर्वक राष्ट्रको सेवा गरे भने बागका छोरा राजा वीरेन्द्रले पनि कहिल्यै घाँस खाने काम नगरी गद्दीमा बसे । लगत्तै कुटनैतिक आन्दोलनद्वारा नेपाललाई विश्व समक्ष शान्ति क्षेत्र घोषित गरियोस् भनेर प्रस्ताव राखे । तर भारत नै एउटा त्यस्तो देश बन्न गयो जसले नेपाललाई शान्ति क्षेत्र बनेको देख्न चाहेन । यसरी स्वयम राजाको सकारात्मक आन्दोलनलाई भारतले ठाडो अस्वीकार गरीदियो । त्यसपछि व्यवस्थामा सुधार ल्याउन आफैं आन्दोलित भयी २०३६ सालको जनमत संग्रह पनि गराए । यसरी भैरहेको व्यवस्थाको कुटनैतिक आन्दोलन आफ्नै अगुवाईमा गरी जनमत संग्रहको घोषणा गर्नु अर्को आन्दोलनको आयाम मान्न सकिन्छ । अझ त्यत्तिले पनि मनमा शान्त नभई २०४७ सालको बहुदलीय व्यवस्थामा आधारित दलीय राजनीतिज्ञ कै रोहबरमा नयाँ संबिधान निर्माण गर्न लगाउनु कम क्रान्तिकारी काम होइन । त्यस्तै नेपालमा खम्पा आन्दोलनलाई बुद्धिमत्ता पूर्ण तरिकाले समाधान गर्नु र अमेरिकाले देशमा सैनिक भित्र्याई जालझेल गर्ने र भारतले आफ्नो हितको लागि नागरिक बिधेयकको आन्दोलनलाई अघि सारेकोलाई बुद्धिमत्ता पूर्ण तरिकाले पन्छाउनु अनि पटक पटक नागरिकता विधेयकलाई सर्बोच्चको रायका लागि भनेर अदालतबाट राय माग गर्नु कम सकारात्मक आन्दोलित घटना र बिचार थिएन । यसरी भारतको नागरिकता विधेयकको दबाबलाई बारम्बार लत्याई देशको अस्मितालाई बिटुलो बनाउनेबाट जोगाउनु कम प्रजातान्त्रिक आन्दोलनको घटना थिएन । देशमा स्थीर सरकार कायम राख्न राजा वीरेन्द्रले हरसम्भब प्रयास गरेकै थिए । तर आफ्नै देशका अपरिपक्व नेताहरुको अदूरदर्शिताको परिणाम स्वरूप राजादेखि पर पर सरी बिदेशीको इशारामा गणतन्त्र कायम गरी हिन्दु राष्ट्रको अस्मितासमेत मास्ने काम यिनै नेताहरुले गरे । जुन आन्दोलनले फेरि नेपालमा सयौं बर्षसम्म पनि नटुंगिने आन्दोलनको बिजारोपण हुन पुग्यो ।

आफू संबैधानिक राजा बनेर राजतन्त्रात्मक हिन्दु राज्य बनी देश र जनताको दीगो बिकास गर्ने राजा वीरेन्द्रको भित्री इच्छा र चाहना थियो । तर यो बिचार सन्त नेता प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई बाहेक नेपालका प्रजातन्त्रबादी नेता र कमरेडहरुलाई पटक्क चित्त बुझेन । भित्रभित्र राजसंस्था नै सखाप पार्न सबै लागे । कोही भारतको इशारामा देशमा आन्दोलन छेडन लागे भने कोही अमेरिकाको बुई चढेर पश्चिमाकरण गर्न लागे । कोही क्रिस्चियन धर्म फैलाउन भित्र भित्रै आन्दोलित भई करोडौं रुपैयाँ कुम्ल्याउन तिर लागे भने कोही उत्तरको व्यवस्थाको ओकालत गर्न तिर लागे । तर सच्चा राष्ट्रभक्त भई कोही पनि आन्दोलित हुन सकेनन् । फलस्वरूप २०५२ सालदेखि देशमा फेरि माओवादीको सशस्त्र द्वन्द्वको बिकुल फुक्यो र चौतर्फी घेराहाली देशमा जनबादी गणतन्त्रको शासन व्यवस्था ल्याउन माओवादीहरु उग्रचण्डीको रुपमा प्रस्तुत भइ देशमा हत्या र हिंसाको सुत्रपात भयो । आन्दोलनको नाममा आफ्नै देशका हजारौं निहत्था मानिसहरुको ज्यान गयो । कैयौं संरचनाहरु ध्वस्त पाऱ्यो । आखिर केही सिप नलागी ६२-०६३ मा १२ बुँदे सम्झौता पछि शान्ति सम्झौता गरी नाटकीय रुपमा फेरि संसदीय शासन व्यवस्थामा घुसेर बिना चुनाव संसदमा ८४ सिट ओगटी माओवादी रजगज जमाई बस्न पुगे । यसरी नाटकीय ढंगबाट सुरु भएको आन्दोलनबाट आएको माओवादीबाट देशका जनताहरु र देशका नेताहरुले धेरै आश गरेका थिए । तर पुराना पार्टीहरुका सम्पूर्ण नेताहरु माओवादीहरुदेखि डराई अत्यन्त कमजोर बनी आफ्नै पार्टीमा कलह उत्पन्न गरी सबै माओवादीहरुसँग मिलेर सबैले घाँटी जोडी बिस्तारै देशलाई बिकास गर्लान् भनिएकोमा उल्टो देशलाई भागबण्डाको राजनीतिमा जाकेर देशलाई सयौं काण्डको पुलिन्दा बनाइ आर्थिक लुटको अर्को नयाँ आन्दोलन छेडेर नव लुटवादको सुरुवात भयो । देशमा न्याय निसाफ हरायो । ज्यानमारा धमाधम मुक्त हुन थाले । दलाल ठेक्दारी र कमिसन खोरको जगजगी बढ्यो । सारा कलकारखाना कौडीको मूल्यमा बेचियो । बेरोजगार युवा युवतीहरु लाखौं बिदेसिए र विदेसिनेक्रम अझै बढिरहेको छ । देशको राष्ट्रिय ऋण ३० खरब पुगिसक्यो र एक जनाको टाउकोमा करिब ८० हजार ऋणको भार थपिइसकेको छ । १२ अरबमा बन्ने भनेको मेलम्ची खाने पानी योजनाको लागत ४० अरबमा आएर अझै थन्किएको छ । काठमाडौं अझै काकाकुलको सहर बनिरहेको छ । शिक्षामा झोले कार्यकर्ताको मात्र उत्पादन भइरहेको छ । शिक्षा साक्षरता मात्र बन्यो । ज्ञान बढ्न सकेन । राम्रा बिद्यार्थीहरु बिदेसिएका छन् । आर्थिक स्थिति झन् झन् डामाडोल भइ गइरहेको छ । यस्तो स्थितिमा नेताहरु कोही अशोक बनिरहेका छन् त कोही बुद्ध बनिरहेका छन् कोही मार्क्स लेनिन गुहारिरहेका छन भने कोीह क्रिस्चियनको पात्र लिइ भिख मागिरहेका छन् ।

सिंगापुरका ली कुआन यु र मलेसियाका माहाथीर मोहम्मद जस्तो कोही हुन सकेनन् र देश झन् झन् राजनीतिक, आर्थिक, धार्मिक र सामाजिक खाडलमा जाकिन पुग्यो । यस्तो अबस्थामा देश गुज्रिइरहेकोले फेरि देशमा राजसंस्था र हिन्दु राष्ट्रको माग गरी चर्को आन्दोलन गरिरहेका छन् भने नेपालमा प्रजातन्त्रको नाममा अब कहिलेसम्म आन्दोलन चर्काई रही जनतालाई कहिलेसम्म सडकमा उफारिरहने हो र सरकार सधैं उही अपरिपकव र अलोकतान्त्रिक संबिधान बोकेर निरन्तर आन्दोलनलाई प्रोत्साहन दिइ अस्वस्थकर राजनीति र शासन व्यवस्था चलाई देश र जनतालाई कतिसम्म छकाइ रहने हो यसको टुंगो छैन । देश गरिबको लागि नर्क र नेताको लागि स्वर्ग बनिसकेको छ । के आन्दोलनले खोजेको उपलब्धि यही हो त, के प्रजातन्त्रले खोजेको निष्कर्ष यही हो त ? अवश्य होइन । यदि यस्तै भइरहने हो भने नेपालमा आन्दोलन औंलामा गन्न सकिने मात्र होइन बल्कि कहिले पनि नरोकिने कुरा नि:सन्देह छ । चाहे लोकतन्त्र, गणतन्त्र, साम्यवादीतन्त्र होस् वा राजतन्त्र होस् । आन्दोलन त्यसबेला स्थगित हुन्छ जुनबेला सबैलाई समेटी संबिधान निर्माण हुन्छ । दोश्रो देश चलाउने नेताहरु भ्रष्टाचार मुक्त हुनुपर्दछ र जनताको आवाजलाई दुई कानले राम्ररी सुनी सोही अनुसार काम गर्नुपर्दछ । त्यस्तै राजनीतिक भागबण्डाले राज्य व्यवस्था नचलोस् । भ्रष्टाचारी र बेइमानलाई तुरुन्त दण्ड सजायको भागी बनाइ अरुलाई काम गर्न प्रोत्साहन गर्ने र देशको सर्वोच्च न्यायपालिका एकदम निश्पक्ष बनोस् । कार्यपालिका चुस्त र कर्मशील बनोस् र संसदका सदस्य इमान्दार र कर्तव्यनिष्ठ बनुन् र सारा जिम्मेवारी पदमा बसेकाले देशको माटो हत्केलामा राखी इमान्दारी पूर्वक काम गरेमा मात्र देशमा आन्दोलन स्थगित हुने अन्यथा यस्ता बदाम खाइ आन्दोलन गर्नेहरु देशमा च्याउ उम्रे जस्तो उम्रिइरहने अवस्यमभावी छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजसेवामा मन लाग्नेछ । आकस्मिक धन लाभ हुनसक्छ । | **तुला** : न्यायिक र प्रशासनिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : प्रेमसम्बन्ध र प्रणयप्रसङ्का लागिपनि श्रेष्ठ समय रहेको छ । | **वृश्चिक** : नयाँ कार्यको चर्चा चल्नेछ । राजनीतिक क्षेत्रमा मन लाग्नेछ । |
| **मिथुन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । शुभ समाचार सुन्न पाइएला। | **धनु** : नयाँ वस्त्र प्राप्ति हुनेछ । साँझमा नरमाइलो समाचार सुनिएला । |
| **कर्कट** : राज्यबाट मान सम्मान पाइनेछ । साथीबाट सहयोग पाइनेछ । | **मकर** : कर्तव्य तथा समाजसेवामा मन लाग्नेछ । जोशजाँगर उच्च रहनेछ । |
| **सिंह** : नसोचेको ठाउँबाट धनागम हुनेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ । | **कुम्भ** : आज यात्रा नगरेकै जाती हुन्छ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ । |
| **कन्या** : भाग्यले विभिन्न अवसर जुराउनेछ । शिक्षामा सफलता पाइनेछ । | **मीन** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ, तर स्वास्थ्यको ख्याल गर्नु पर्छ । |

## शिक्षा

# स्नातक कार्यक्रम पुन : तीन वर्षे बनाइने

त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्राडा केशरजङ्ग बरालले स्नातक तहको कार्यक्रमलाई पुनः तीनवर्षे बनाइने जानकारी भएको छ । त्रिविले २०७१ /०७२ सालदेखि व्यवस्थापन संकाय तर्फ चारवर्षे स्नातक कार्यक्रम सुरुआत गरेको थियो । विश्वविद्यालयको केन्द्रीय कार्यालयमा आज पदबहाली गरेपछि त्यहाँ उपस्थित विभागीय प्रमुख, कर्मचारी तथा प्राध्यापकहरुलाई सम्बोधन गर्दै उपकुलपति प्राडा बरालले चारवर्षे स्नातक कार्यक्रम लामो हुन गएकाले विद्यार्थी र अभिभावकको लगानी बढ्नाका साथै त्रिविको कार्यसञ्चालनमा पनि असहजता थपेको बताए । "बाहिरको शिक्षा प्रणाली अनुकूल बनाउन जनाउँदै चारवर्षे गरियो तर छिमेकी भारत, युरोपेली मुलुकलगायत थुप्रै ठाउँमा अहिले पनि तीनवर्षे स्नातक कार्यक्रम नै चलिरहेको छ", उनले भने ।



अमेरिका लगायत केही देशमा चारवर्षे स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेको उल्लेख गर्दै उपकुलपति बरालले भने, "त्यस्ता देश वा त्यस्तै चारवर्षे विषय पढ्न जान चाहने विद्यार्थीका लागि तीनवर्षे कोर्ष सकेपछि थप एक वर्षको छुट्टै मानार्थ उपाधिका कार्यक्रम चलाउन सकिन्छ ।" साथै उनले विषयको विशिष्टताका कारण केही विषयका स्नातक कार्यक्रम भने चारवर्षे वा पाँचवर्षे हुनसक्ने बताए । विश्वविद्यालयका केही कार्यक्रममा विद्यार्थी संख्या अत्यन्त न्यून र केहीमा शून्य रहेकातर्फ औंल्याउँदै उनले अहिले मानविकी संकायमा अरू कार्यक्रमको तुलनामा कम विद्यार्थी भर्ना हुने गरेको बताए । यसको समाधानका लागि मानविकीलाई सबै संकाय र कार्यक्रमबाट आउन मिल्ने (मल्टी डिसिप्लिनरी लिवरल आर्ट )का रुपमा पुन:संरचना गरिने जानकारी पनि उनले दिए । शिक्षा संकायका कार्यक्रमलाई पनि सबै विषयबाट प्रवेश गर्न मिल्ने बनाइन उनले बताए । केही वर्षयता त्रिविको संरचना ठूलो र भद्दा भएको चर्चा गरिने उल्लेख गर्दै उपकुपति बरालले यसको पुन:संरचनाका लागि आफू तयार रहेको बताए । "त्रिविलाई अब विस्तार होइन पुन:संरचनाको खाँचो छ", उनले भने । उपकुपति प्राडाबरालले त्रिविका शैक्षिक कार्यक्रमहरुलाई उत्पादन र बजारसँग जोड्न आफू लागिपर्ने बताए । देशको मौलिक र रैथाने ज्ञानलाई विश्वविद्यालयको प्राज्ञिक अध्ययन-अनुसन्धानसँग जोड्नका लागि दीर्घकालीन योजना बनाइने जानकारी पनि उनले दिए । "तराईका राजवंशी र पहाडका मगरले उत्पादन गर्ने कासवा होस् वा चिउरीका उत्पादनको विकास, विश्वविद्यालयले त्यसतर्फको अध्ययन-अनुसन्धानमा जोड दिनेछ", उनले भने । साथै हिमाली उपचार पद्धति आम्ची र आयुर्वेदिक अध्ययन-अनुसन्धानका कार्यक्रममा पनि विशेष जोड दिएर उठाइने उनले बताए । यसैगरी, देशको विशिष्टताअनुरुप पर्वतारोहणको उच्च शिक्षाका लागि विशेष योजना ल्याइने र विदेशी विश्वविद्यालयसँग ज्ञान आदानप्रदानका कार्यक्रममार्फत अघि बढाइने पनि उपकुलपति प्राडा बरालले बताए । होटल व्यवस्थापनमा अध्ययनसँगै कमाईको अवधारणालाई त्रिवि कार्यक्रमभित्रै समेटेर अघि बढाइने पनि उनले बताए । प्राडा बराललाई निवर्तमान कार्यवाहक उपकुपति शिवलाल भुसालगायत त्रिविका वरिष्ठ कर्मचरी तथा प्राध्यापकहरुले स्वागत गरेका थिए ।

*-हाम्राकुरा डटकम*

# भाषाको करामत !

**अमृता लम्साल**

भाषा मान्छे मात्रै होइन, कुनै पनि जीवजन्तुको लागि समेत एकअर्कासँग सञ्चार गर्ने एउटा महत्वपूर्ण माध्यम हो। यसमा दुईमत छैनह हुनुहुँदैन । हामी बाँचेको समयमा कुनै बेला सायद, सान गरेरै पनि सञ्चार आदानप्रदान हुन्थ्यो होला ! तर, अहिले एउटा भाषा जानेर मात्र पनि हुँदैन । कुनै बेला थियो, यही समाजमा घरबाहिर काम गर्न खोज्दा, गैर-सरकारी क्षेत्रहरूमा हाम्रो मातृभाषा भन्दा अंग्रेजी जान्नेलाई बढी महत्व दिइन्थ्यो । कतिपय समय त ती अंग्रेजीबाजहरूले, हामी नेपालीमा बोल्ने/लेख्नेहरूले मिहिनेत गरेर लेखेको सामग्रीहरू समेत आफैंले लेखेको जस्तो गरेर, विना क्रेडिट चलाउन धक या लाज पटक्कै मान्दैनथे । बरु उल्टै, नेपाली बोल्ने, लेख्नेहरूलाई अंग्रेजी नजान्नु ठूलै कसुर हो जस्तो बनाइदिन्थे । विश्वव्यापीकरणको यो समयमा, मातृभाषा र अंग्रेजी मात्रै जानेर पनि नपुग्ने भइसक्यो । यहाँ त्यस्तै अनुभव लेख्न गइरहेछु । केही वर्ष अगाडि, केही समयको लागि मेरो बसाइ अमेरिका थियो । अमेरिकामा पनि टेक्ससह जहाँ मेक्सिकनहरूको जनसंख्या धेरै थियो । मेक्सिकन र हामी साउथ एशियनहरूको अनुहारको बनोटमा धेरै मेल खान्छ । त्यसको परिणाम, हामी जस्ताले धेरै भोग्नुपर्छ । कारण, मेक्सिकनहरूको मनोविज्ञान कस्तो देखिने भने, मेक्सिकोबाट आएर अमेरिकन भइसकेको जस्तो व्यवहार गर्ने, आफ्नो भाषा नबोल्ने भनेर उनीहरू रिसाउने । "आब्ला स्प्यानोल ?" (तिमी स्प्यानिश बोल्छ्यौ ?) उनीहरू सोद्धथे । "नो, आब्लो नो स्प्यानोल !" (अहँ, म स्प्यानिश बोल्दिनँ !) मेरो जवाफ हुन्थ्यो । "पोर्के ?" (किन ?) शरीरको भाषा र अनुहारको भावभंगिमाले बताउँथ्यो, प्रश्नकर्ता मेरो जवाफ पाएर खुशी छैन । दिनको नभए पनि हप्ताको धेरै पटक सवाल-जवाफ गरिने प्रश्न र उत्तर यस्तै हुन्थ्यो । भाषाको कारणले वाक्क भएर स्प्यानिश सिक्छु भनेर 'स्प्यानिश फर डमी' भन्ने किताब पनि किनेर ल्याएँह तर कहाँ सजिलो हुन्थ्यो र ! किताब किन्ने पैसा मात्रै खेर गयो । त्यतिबेला नेपालमा हुँदा अंग्रेजी भटभटाउन नसकेर ठाउँ कुठाउँमा बाईकट भइन्थ्यो ! अंग्रेजको देशमा गएर स्प्यानिश बोल्न नसकेकोमा दिमाग तताउनुपर्थ्यो । त्यहाँ बस्ने मेक्सिकनहरू बीसौं वर्ष बसे पनि अंग्रेजी बोल्न नजान्नेह तर पनि मजाले काम गरेर बस्न सक्ने । धेरै पटक त "आब्लो स्प्यानोल ?" लाई हँस्यौलीमा उडाउँथें, अनि कहिलेकाहीं अति भएपछि प्रतिकार गर्दै खनिन्थें, "म स्प्यानिश बोल्दिनँ, किन बोल्ने यहाँ स्प्यानिश? यो मेक्सिको हो र ?" तर आफूलाई थाहा छ, "यो मेक्सीको हो र ?" भन्ने प्रश्न अहिलेको समयमा "पोलिटिकल्ली करेक्ट" होइन । किनकि, स्प्यानिश भाषा युरोप, दक्षिण अमेरिका, उत्तर अमेरिका, सेन्ट्रल अमेरिका र अफ्रिकाका केही देशहरु समेत गरी थूप्रै राष्ट्रमा बोलिन्छन् । त्यसैले पनि होला, स्प्यानिश बोल्ने मानिसहरु अमेरिका भित्रेपछि पनि यहाँ पनि सबैले स्प्यानिश जानेकै हुन्छन् भन्ने भ्रममा पर्छन् कि ?

स्प्यानिश नजानेकै कारणले कहिलेकाहीं रमाइला घटनाहरु पनि घटेका छन् भने कहिले अनावश्यक रूपमै अर्काको रिस खप्नु परेको घटनाहरू पनि थिए । यसैमध्ये रमाइलो घटनाको वर्णन गर्न मन लाग्यो । एक दिन ब्लकबष्टरमा डिभिडी लिने लाइनमा खडा थिएँ, लाइन धेरै लामो थियो । काउन्टरमा पुगेपछि, त्यहाँ काम गर्ने व्यक्तिले बड-बड-बड गर्दै झन्डै दुई मिनेटसम्म सासै नफेरी के के भन्योह मैले केही प्रतिक्रिया नजनाई उसको मुखमा ट्वाल्ल परेर हेरिरहें । उसको कुरा सिद्धिएपछि मैले अंग्रेजीमा भट्याएँ, "म स्प्यानिश बुझ्दिनँ !" मेरो जवाफ सुनेर, मेरो पछाडि लाइनमा खडा भएकाहरु गलल्ल हाँस्न थाले ! त्यो देखेर त्यो स्प्यानिश भट्याउने कामदारको गाला लाजले पाकेको आलुबखडा जस्तो भयो । अनि उसले मलाई "सरी" भन्योह म "केही छैन" भन्दै बाटो लागें । जन्मले नै दिएको कालो कपाल, गहुँगोरो वर्ण अनि मेक्सिकनहरुको जस्तो शारीरिक बनोट (उनीहरुकै बयानमा) यसैले गर्दा नै, कसैलाई "हेलो" भन्यो भने "ओला !" भन्ने जवाफ पाइन्थ्योह "थ्यान्क यु" भन्यो भने "दिनारा !" भनेर जान्थे । यो भाषाको दबाब नेपालमा पनि कन्भेन्ट पढ्नेहरुसँग काम गर्दा उत्तिकै हुन्थ्यो । आफू परियो, सात कक्षासम्मको पढाइ बाबुले नै घरमा पढाएर एकैपटक आठ कक्षामा स्कुल भर्ना भएर जम्माजम्मी तीन वर्ष मात्रै स्कुल पढेको मान्छे ! तर भिड्नुपर्ने अंग्रेजी स्कुलमा पढेका र विदेशबाट पढेर आएकाहरुसँग ! अनि कामको प्रकृति पनि त्यस्तै थियो, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरुले पनि हामी जस्ता कनिकुथी अंग्रेजी बोल्नेहरुलाई उतिबेला मान्छे नै नगन्ने ! उनीहरुलाई त खरर्र अंग्रेजी बोल्ने मान्छे चाहिने ! कसरी मिलोस् र कुरा ? अहिले फेरि उल्टो भएको छ, कहिलेकाहीं त लाग्थ्योह "आब्ला नो स्प्यानोल !" भन्ने ठूलो प्लेट छातीमा झुन्ड्याएर हिंड्ने हो कि भनेर ! कहिलेकाहीं भने, स्प्यानिश बोल्न जानेको भए परेको बेला अरुलाई मद्दत गर्न सकिन्थ्यो भन्ने पनि लाग्थ्यो । जस्तो कि, आफूले हप्ताको एकदिन स्वयंसेवा गर्न जाने अस्पताल जहाँको झन्डै नब्बे प्रतिशत व्यक्तिहरू नै अंग्रेजी मात्रै बोल्थेह त्यहाँ एक दिन एउटा बिरामीको कोठामा एउटा मान्छे आफूलाई कुरेर बसेको देखें, किन रहेछ भनेर बुझ्न जाँदा उसको प्रश्न आयो, "क्यान यु इन्टरप्रेट फर हिम ?" (उसको लागि भाषा उल्था गर्न काम गरिदिन सक्छौ ?) मैले सोधें, "कुन भाषा ?" उसको जवाफ थियो, "उ अंग्रेजीको एउटै शब्द पनि जान्दैन, त्यसैले स्प्यानिशबाट अंग्रेजीमा उल्था गर्नु पर्यो !"

*-अनलाइन खबर डटकम*

# मधेसमा मातृभाषा र शिक्षा

**राम एकबाल यादव**




भनिन्छ, मातृभाषा मानिसका लागि सबथोक हो । जीवन संघर्षको दुनियाँमा मातृभाषाको अहं भूमिका हुन्छ । भाषा भनेकै विचार गर्ने यन्त्र हो । विचार तब नै जन्मन्छ, जब आफ्नो भाषामा बोल्न, लेख्न र पढ्न पाइन्छ । मातृभाषा र स्थानीय विषय शिक्षालाई बेवास्ता गर्ने हाम्रो शिक्षा प्रणालीले नेपाली मौलिक, कला, संस्कृति र सौन्दर्य बुझेको नागरिक उत्पादन गर्ला ? बालबालिकाको दिमागमा पश्चिमा संस्कृति र बाहिरी आडम्बरी शिक्षा हुलेर यो सम्भव छैन । संस्थागत स्कुलले २५ केजी वजन भएको बच्चालाई १० केजीको झोला बोकाइरहेका छन् । त्यो झोलाभित्र आमाको काखबाट सिकेको भाषाको न एउटा किताब हुन्छ, न त उसको गाउँ, परिवेश, समाज, इतिहास, संस्कृति र सभ्यता जोडिएको स्थानीय विषयको कुनै किताब । विद्यार्थीलाई बच्चैदेखि अंग्रेजी घोकाएर अमेरिका र बेलायत उड्ने मनोविज्ञान विकास गरिएको छ । अनि ऊ १० कक्षा पुग्दानपुग्दै परिवार नचिन्ने, समाज नबुझ्ने अर्कै मान्छे बन्छ ।

अहिले अमेरिकाको भिसा लाग्ने हो भने कोही पनि युवा नेपाल बस्दैनन् । आफ्नो देशप्रतिको मोह हराएको जनशक्ति उत्पादन गर्ने हाम्रो शिक्षा प्रणाली मुख्य जिम्मेवार छ । त्यसकारण यस्तो शिक्षाबाट भोलिका दिनमा हाम्रो गाउँ, समाज र नेपाल भन्ने देश बनाउने जनशक्ति तयार हुन्छ कि युरोप, अमेरिका बनाउने जनशक्ति ? नेपालको तथ्यांकमा देखिएका १२३ भाषामध्ये ६ दर्जनभन्दा बढी भाषा आदिवासीले बचाइराखेका छन् । अहिले देशमा अंग्रेजी र नेपाली भाषा हाबी हुँदै गइरहेको छ । त्यसका साथसाथै कोरियन भाषा, जापानिज भाषा र अरु देशका भाषाहरूप्रति युवाको मोह बढ्न थालेको छ । त्यो स्वाभाविक पनि हो । किनभने यो जीवनयापनसँग जोडिएको विषय हो । यसै सन्दर्भमा एक समयताका जब भारतमा अंग्रेजी भाषाको हाबी हुँदै जाँदा महात्मा गान्धीले भनेका थिए, 'मातृभाषा भनेको आमाको दूध हो र बेलायती भाषा भनेको पाउडरको दूध हो । आमाको दूधबाट बच्चा जति तन्दुरुस्त हुन्छ, त्यति पाउडरको दूधबाट सम्भव छैन । पाउडरको दूधले दक्ष र बलियो जनशक्ति निर्माणमा टेवा पुऱ्याउँदैन ।' नेपालको दोस्रो भाषा मैथिली हो, जुन भाषा मधेसका अधिकांश जनताले बोल्ने गर्छन् । अहिले दिन प्रतिदिन मधेसका भाषाहरू (मैथली, भोजपुरी, अवधी लगायत) लोप हुँदै गइरहेका छन् । त्यसलाई जोगाउने दायित्व सरकारको हुनुपर्छ । जबसम्म विद्यार्थीले आधारभूत शिक्षा आफ्नो मातृभाषामा पढ्दैनन्, तबसम्म दक्ष हुँदैनन् । अहिले मधेसमा शिक्षास्तर विभिन्न प्रदेशभन्दा खस्किँदो अवस्थामा छ । त्यसको प्रमुख कारण मातृभाषामा पढाइ नहुनु हो । कमसे कम एउटा विषय पनि मातृभाषामा पढाइ भयो भने आउने दिनमा विद्यार्थीलाई पढाइप्रति रुचि जाग्छ । जब कि घरमा सिकेको एउटा भाषा र स्कुल जाँदा अर्को भाषामा पढाइ हुँदा विद्यार्थीलाई पहाड बोकेझैं अनुभूति हुन्छ । अनि विद्यार्थी अलमलमा पर्छ ।

*नेपालको तथ्यांकमा देखिएका १२३ भाषामध्ये ६ दर्जनभन्दा बढी भाषा आदिवासीले बचाइराखेका छन् । अहिले देशमा अंग्रेजी र नेपाली भाषा हाबी हुँदै गइरहेको छ । त्यसका साथसाथै कोरियन भाषा, जापानिज भाषा र अरु देशका भाषाहरूप्रति युवाको मोह बढ्न थालेको छ । त्यो स्वाभाविक पनि हो । किनभने यो जीवनयापनसँग जोडिएको विषय हो । यसै सन्दर्भमा एक समयताका जब भारतमा अंग्रेजी भाषाको हाबी हुँदै जाँदा महात्मा गान्धीले भनेका थिए, 'मातृभाषा भनेको आमाको दूध हो र बेलायती भाषा भनेको पाउडरको दूध हो । आमाको दूधबाट बच्चा जति तन्दुरुस्त हुन्छ, त्यति पाउडरको दूधबाट सम्भव छैन । पाउडरको दूधले दक्ष र बलियो जनशक्ति निर्माणमा टेवा पुऱ्याउँदैन ।' नेपालको दोस्रो भाषा मैथिली हो, जुन भाषा मधेसका अधिकांश जनताले बोल्ने गर्छन् । अहिले दिन प्रतिदिन मधेसका भाषाहरू (मैथली, भोजपुरी, अवधी लगायत) लोप हुँदै गइरहेका छन् । त्यसलाई जोगाउने दायित्व सरकारको हुनुपर्छ । जबसम्म विद्यार्थीले आधारभूत शिक्षा आफ्नो मातृभाषामा पढ्दैनन्, तबसम्म दक्ष हुँदैनन् । अहिले मधेसमा शिक्षास्तर विभिन्न प्रदेशभन्दा खस्किँदो अवस्थामा छ । त्यसको प्रमुख कारण मातृभाषामा पढाइ नहुनु हो ।*

मधेसका अधिकांश कक्षा १० का विद्यार्थीलाई पनि नेपाली भाषा राम्रोसँग बोल्न आउँदैनन् । त्यसैले मधेसी मूलका विद्यार्थी आफ्नो मैथिली भाषा पनि विद्यालयमा पढाइ हुनुपर्ने माग राख्छन् । विद्यार्थीको परिवारमा बोलिने स्थानीय भाषा आफ्नो विद्यालयमा पढाइ हुने भए पनि उनीहरूलाई केही रुचि हुन्थ्यो होला । विद्यालयमा अन्तर्राष्ट्रिय भाषा अंग्रेजी र नेपाली सिक्नैपर्ने हुन्छ, अनिवार्य नै गरिएको छ । नर्सरीमा भर्ना भएका विद्यार्थीका लागि भाषाका रूपमा यी दुई भाषा सिक्न धेरै समय लाग्छ । विश्वमा प्रचलनमा रहेका जुनसुकै भाषा लेख्न सक्नु वा बोल्न सक्नु राम्रो कुरा हो । यसले विद्यार्थीमा ज्ञानको भण्डार बढाउँछ र विश्वको जुनसुकै कुनामा गए पनि प्रयोग हुन सक्छ, तर आफ्नो मातृभाषा वा स्थानीय भाषा नै नजानी अरु भाषा बोल्नुपर्दा आफ्नै भाषा लोप हुने डर रहन्छ । त्यसलाई मध्यनजर गर्दै मधेसका केही विद्वान्ले पाठ्यक्रम अनुसार मैथिली भाषामा किताब लेखेका छन् । केही स्थानीय तहले आधारभूत शिक्षा या कक्षा ५ सम्म सय मार्कको मैथिली भाषा पढाउँछन् । अहिले मधेसका आम मानिसको यस क्षेत्रका स्कुलमाथिको भरोसा न्यून हुँदै गइरहेको छ । शिक्षणदेखि परीक्षासम्म सेटिङमा भइरहेको छ भने बुझाइ अभिभावकहरूमा बाक्लिएको छ । अनि उनीहरूले भन्न थालेका छन्– दरिद्र भयो स्कुल, न शिक्षा दिन सक्यो न संस्कार । त्यस कारण दिन प्रतिदिन मधेस प्रदेशका विद्यार्थी काठमाडौं, विराटनगर, चितवन र पोखराका साथै भारतका विभिन्न सहरमा पलायन हुँदै छन् । उदाहरणका लागि आधुनिक राष्ट्रिय मावि, हेटौंडामा ७० प्रतिशतको हाराहारीमा अस्थानीय अर्थात् बाहिरका विद्यार्थी छन् । सो विद्यालयको कक्षा ८, ९ र १० का एक हजार २८४ विद्यार्थीमध्ये ९२२ विद्यार्थी (करिब ७५ प्रतिशत) मधेसका जिल्लाका रहेको प्रधानाध्यापक रामसागर गुरागाईं बताउँछन् । त्यसैले देश र समाजका लागि हो शिक्षा । देश कस्तो बनाउने, कस्तो समाज बनाउने भन्ने स्कुल शिक्षाको मोडेलमा निर्भर हुन्छ । तसर्थ स्कुलको मोडेल निर्धारण गर्नुअघि देश र समाजको मोडल तय गरिनुपर्छ । अन्तमा, प्रत्येक भाषाको आफ्नै किसिमको बानी-व्यहोरा हुन्छ, जसलाई अर्को भाषाका आधारमा अर्थ्याउन गाह्रो पर्छ । त्यसैले भनिन्छ, दुनियाँमा कुनै पनि जात, समुदायमाथि शासन गर्नु छ भने सबभन्दा पहिला उसको भाषा खोसिहाल्नू । मधेसको शिक्षास्तरलाई सुधार्नका लागि मधेसका विभिन्न संवैधानिक अंगहरू (जस्तै : मधेस लोक सेवा आयोग, शिक्षक सेवा आयोग)मा अनिवार्य मातृभाषामा परीक्षा लिने परिपाटीको व्यवस्था अवलम्बन गरियोस् । मातृभूमि, आमा र मातृभाषाभन्दा ठूलो संसारमा केही हुँदैन ।

*-रातोपाटी डटकम*

# दिउँसोमा बन्द हुँदै आएको नारायणगढ–मुग्लिन सडक खुला


फाइल फोटो

**पाल्पा,** फागुन १३/दैनिक दिउँसोमा चार घण्टा बन्द हुँदै आएको नारायणगढ–मुग्लिन सडक आइतबारदेखि खुला गरिएको छ । पहाड काट्ने काम लगभग सकिएकाले चौविसै घण्टा बाटो खुला गरिएको हो ।

सो सडकखण्डको तुइनखोलामा पुल बनाउन भित्तो काट्नुपर्ने भएकाले दैनिक चार घण्टा सवारी बन्द गरी काम गरिदै आइएको थियो । पहाड काट्ने काम लगभग सकिएकाले बाटो बन्द नगर्ने निर्णय गरिएको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)ले जनाएको छ । आयोजनाका अनुसार पहाड काट्न एक/दुई मिटर जति मात्र बाँकी रहेको र अब गाडी बन्द गरिरहनुपर्ने अवस्था नरहेको जनाएको छ । तुइन खोलामा पुल निर्माणका लागि पहाड काट्न गत वर्ष र यस वर्ष पुसदेखि दिनहुँ सडक बन्द हुने गरेको थियो । साठी मिटर अग्लो पहाड काट्न गत वर्ष गत पुस ५ देखि फागुन २० गतेसम्म दैनिक चार घण्टा बाटो बन्द गरिएको थियो । गत वर्ष जम्मा २५ मिटरमात्रै पहाड काटेर काम रोकिएको थियो । यस वर्ष गत पुस ७ गतेदेखि दिउँसो चार घण्टा बाटो बन्द गरेर पहाड काट्न सुरू गरिएको थियो । सो सडकका १९ पुलमध्ये चार पुल चार वर्षअघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकैसाथ ठेक्का लगाइएको थियो । अन्य कतिपय निर्माण सम्पन्न भएका छन् भने कतिपय अन्तिम चरणमा छन् । यो पुल भित्तो भत्काउन नसक्दा काम थाल्न सकिएको थिएन । तुइन खोलामा ६० मिटर लम्बाइको पुल बन्ने छ । कडा चट्टानका कारण तुइन खोलाको पुल निर्माणमा समस्या आएपछि पटक पटक बाटो बन्द गरेर काम थालिएको थियो ।

# पाल्पा जेसीजलाई चितवनमा अवार्ड



**पाल्पा,** फागुन १३/पाल्पा जेसीजले उत्कृष्ट अवार्ड प्राप्त गरेको छ । नेपाल जेसीजको आयोजनामा चितवनको सौराहामा भएको नेशनल काउन्सिलर एकेडेमी २०२४ को अवसरमा जेसीज पाल्पा शाखाले 'हन्ड्रेड प्रसेन्ट ईफिसेन्सी अवार्ड फर दी मन्थ अफ जनवरी' अवार्ड प्राप्त गरेको हो ।

पाल्पा जेसीजले युवाको व्यक्तित्व, नेतृत्व विकास तथा समुदाय र अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै नेपाल जेसीजले उक्त अवार्ड प्रदान गरेको जनाइएको छ । नेपाल जेसीज वर्ष २०२४ का राष्ट्रिय अध्यक्ष सिनेटर रविन पोखरेलले पाल्पा जेसीज वर्ष २०२४ का अध्यक्ष अर्जुन कार्कीलाई उक्त अवार्ड प्रदान गरेका हुन् । पाल्पा शाखामा कार्कीको नेतृत्वमा नयाँ समिति आएपछि जिल्लामा उत्कृष्ट गतिविधि गर्दै आएको छ । शाखाको नेतृत्व सम्हाले लगत्तै अध्यक्ष कार्कीले पाल्पामा पहिलो पटक संसदीय सभा प्रणाली सम्बन्धी राष्ट्रियस्तरको तालिम सञ्चालन गरेका थिए । जेसीजमा आवद्ध जेसी सदस्यहरुलाई बैठक सञ्चालन, मर्यादा, आफ्ना भनाइ राख्ने शैली लगायतका बारेमा जानकारी दिने उद्देश्यले माघ १९ र २० गते उक्त तालिम सञ्चालन भएको थियो । शाखाले बगनासकाली-१ खोरबारीस्थित बुद्ध शान्ति सामुदायिक विद्या मन्दिरमा छाना र व्यवस्थित ढोका नहुँदा बालबालिकाहरुलाई पठन-पाठनमा समस्या उत्पन्न भएको अवस्थालाई दृष्टिगत गर्दै छाना (ट्रस) र फलामको ढोका राख्नको लागि सहयोगी भूमिका समेत खेलेको थियो ।

कार्की नेतृत्वको समितिले युवाको व्यक्तित्व, नेतृत्व विकाससँगै सामाजिक, शैक्षिक, खेलकूद क्षेत्रमा समेत रचनात्मक कार्य गर्दै आएको छ । जसको मूल्याङ्कनको आधारमा शाखाले उत्कृष्ट अवार्ड पाउन सफल भएको हो । शाखाको गतिविधिलाई उच्च मूल्याङ्कन गर्दै अवार्ड प्रदान गरेकोमा अध्यक्ष कार्कीले जेसीज नेपाललाई धन्यवाद दिए । उनले इमान्दार र लगनशील भएर काम गरेमा कुनै न कुनै दिन मूल्याङ्कन हुनेमा विश्वास व्यक्त गरे । अध्यक्ष कार्कीले शाखामा आवद्ध सम्पूर्ण साथीहरुको सहयोगले अवार्ड प्राप्त गर्न सफल भएको बताए । प्राप्त अवार्डले आगामी दिनमा शाखालाई थप क्रियाशिल र शसक्त बनाएर लैजान आफुहरुलाई उर्जा मिलेको शाखाका महासचिव विजय कार्कीले बताए ।


# कर्मचारी आवश्यकता

**नवजनचेतना दैनिक**का लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**पद : बजार व्यवस्थापक**
**संख्या :** केही
**योग्यता :** +२ उत्तीर्ण
**तलव :** नियम अनुसार
**आवेदन दिने अन्तिम मिति :** २०८०/११/१६ गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

***(नोट : मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)***

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com


## खेलकुद समाचार

# नेपाल नेदरल्याण्ड्ससँग ८ विकेटले पराजित



**काठमाडौं,** फागुन १३/घरेलु मैदानमा भएको आइसीसी पुरुष क्रिकेट विश्वकप लिग दुई अन्तर्गत त्रिकोणात्मक शृङ्खलाको अन्तिम खेलमा नेपाल नेदरल्यान्डससँग आठ विकेटले पराजित भएको छ । जितका लागि नेपालले दिएको एक सय ७३ रनको सामान्य लक्ष्य नेदरल्यान्डसले ३७ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो । नेदरल्यान्डसको जितमा विक्रमजित सिंहले सर्वाधिक ५८ रनको योगदान दिए ।

त्यसैगरी साइब्रान्ड एंगलब्रेक्टले ४६ रन बनाउदा माइकल लेभिटले ३९ रन र म्याक्स ओडाउडले २८ रन जोडे । नेपालका लागि ललित राजवंशी र दीपेन्द्र सिह ऐरीले समान एक/एक विकेट लिए । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउदै एक सय ७२ रनको योगफल बनाउन सक्यो । नेपालका लागि कुशल भुर्तेलले ९३ बल खेल्दै आठ चौकाको मद्दतमा ६६ रन बनाए । त्यस्तै करण केसीले २६ रन बनाउदा आरिफ शेखले २२ रन जोडे । आसिफ शेखले १७, कप्तान रोहितकुमार पौडेलले १६, अनिल शाहले सात र गुल्शन झा पाँच रन बनाए । नेदरल्याण्डसका आर्यन दत्त र भिभियन किङ्माले समान तीन/तीन विकेट लिए । यसैगरी बास डि लिडेले दुई विकेट लिँदा रोलेफ भान डर मर्वेले एक विकेट लिए । यस जितसँगै नेदरल्यान्डसले प्रतियोगितामा चार अंक जोडेको छ । नेदरल्यान्डसले नामिबियालाई पहिलो खेलमा सात विकेटले हराएको थियो भने दोस्रो खेलमा नामिबियासँग २४ रनले पराजित भएको थियो । नेपालले लिग- २ को पहिलो चरणको खेल सकिदा दुई अंक बटुलेको छ । नेपालले नेदरल्यान्डसलाई नौ विकेटले पराजित गरेको थियो भने नामिबियासँग पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा दुई विकेटले पराजित भएको थियो । नामिबियाले तीनमा जित हासिल गर्दै छ अंक बटुलेको छ । नामिबिया लिग दुईको शीर्ष स्थानमा छ । नेदरल्यान्डस चार खेलमा दुईमा जित तथा दुई खेलमा हार बेहोर्दै चार अंकका साथ दोस्रो स्थानमा छ । समान चार खेल खेलको नेपालले एकमा जित तथा तीनमा हार बेहोर्दै दुई अंकका साथ अंक तालिकाको तेस्रो स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सातको पहिलो दिनमै नेप्सेमा ओरालो यात्रा



**पाल्पा,** फागुन १३/साताको पहिलो दिनमै नेप्से परिसूचक ओरालो यात्रामा लागेको छ । आइतबार नेप्से परिसूचक दोहोरो अंकले घटेर यात्रा ओरालोमा लागेको हो ।

नेप्से परिसूचक २६.८१ अंकले घटेर १ हजार ९ सय ७९.०२ विन्दुमा कायम भएको छ । यस दिन ३ सय १७ कम्पनीको ८५ लाख ४६ हजार ९ सय ३० कित्ता शेयर किनबेच हुँदा ३ अर्ब ८ करोड ६९ लाख ५१ हजार ७० रुपैयाँको कारोबार भएको छ । यसदिन ३८ कम्पनीको सेयर मूल्य बढ्दा २ सय ६ कम्पनीको शेयर मूल्य घटेको छ भने ४ वटा कम्पनीको स्थिर छ । दोहोरो अंकले घटेको सेयर बजारमा एउटा मात्रै कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । चिरख्वा हाइड्रोपावरको सेयर ८.५५ प्रतिशतले बढ्दा धवलागिरी लघुवित्त वित्तीय संस्थाको ६.६६,गुराँस फाइनान्सको ५.१६ र सन नेपाल लाइफ इन्स्योरेन्सको ५.०४ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा सन नेपाल लाइफ इन्स्योरेन्स शीर्षस्थानमा रह्यो । सो कम्पनीको २५ करोड मूल्य बढिको सेयर कारोबार भयो । जोशी हाइड्रोपावरको ११ करोड ३ लाख, हिमालयन रिइन्स्योरेन्सको ११ करोड १ लाख, गुराँस फाइनान्सको १० करोड र नगदी ग्रुपको ८ करोड मूल्य बराबरको सेयर कारोबार भयो ।

सो अवधिमा २ उपसमूहबाहेक अन्यको सूचक नकारात्मक देखिएका छन् । फाइनान्स र मनु एन्ड प्रो उपसमूहबाहेक अन्यको सूचक घटेको हो । कारोबारमा आएका ३८ कम्पनीको मूल्य बढ्दा २०६ वटाको मूल्य स्थिर रह्यो ।


# विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरहरु

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने र समयमा नसुन्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने र झिज्याट हुने,
- साथीहरुसँग घुमफिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।



लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई